# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल


प.सं. : ०८०।०८१

च.नं. : —

फोन नं. ०१-४३१५७६६

मिति : २०८१/०३/०९

विषयः जानकारी सम्बन्धमा।

उपरोक्त विषयमा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय , सहकारी विभाग को मिति २०८१/०२/३१ को सूचना सरोकारवाला सबैको जानकारीको लागि यसै पत्रसाथ प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

२०८१/०३/०९

राजु बहादुर खड्का
आर्थिक विकास शाखा प्रमुख

Website : chandragirimun.gov.np
Email : chandragirimun@gmail.com

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: info@deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# सहकारी विभाग

(प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा)
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०८०/८१
चलानी नं.:-

## दोहोरो सदस्यता लिएका सहकारी संस्थाका सदस्यहरूलाई जरुरी सूचना

प्रकाशित मिति- २०८१/०२/३१

सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्था छ । सहकारी ऐनको उक्त प्रावधान विपरित कसैले एकै स्थानीय तहभित्र कार्यसञ्चालन गरिरहेका एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाहरूको सदस्यता लिनुभएको भए आफूले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्था वा संस्थाहरूको सदस्यता अन्त्य गर्नुहुन अनुरोध छ । सहकारी संस्थाहरूले पनि आफ्ना सदस्यहरूलाई अवगत गराएर तदनुसार गर्ने, गराउने व्यवस्था मिलाउनुहुन सूचित गरिन्छ। अन्यथा कानुन बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

रजिष्ट्रार
सहकारी विभाग
पिताम्बर घिमिरे
रजिष्ट्रार